नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय

नेपालगन्ज, बाँके



## स्वतः प्रकाशन

**( Proactive Disclosure)**

आ.व.२०८२/०८३

चौथो त्रैमासिक

(२०८३ वैशाख ०१ देखि २०८३ असार मसान्तसम्म )

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
बाँके

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

## जिल्ला हुलाक कार्यालय बाँकेले गरेको स्वतः प्रकाशन

आ.व.२०८२/८३ को चौथो त्रैमासिक (२०८३ वैशाख ०१ देखि २०८३ असार मसान्तसम्म )

## स्वतः प्रकाशन (PRO-ACTIVE DISCLOSURE)

नेपालको संविधानको भाग ३ धारा २७ मा रहेको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकाय आफ्नो निकायसँग सम्बन्धित सूचना तथा गतिविधिहरु अद्यावधिक गरी प्रत्येक ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ। यसका लागि ऐनमा १३ वटा शीर्षक र नियमावलीमा थप ३ वटा गरी जम्मा १६ वटा शीर्षकहरुमा सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ६ बमोजिम जिल्ला स्थित सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयनको अवस्था अनुगमन गर्न गठन हुने जिल्ला अनुगमन इकाईको सचिवालयको रुपमा सोहि निर्देशिकाको दफा ८(४) बमोजिम जिल्ला हुलाक कार्यालय रहने तथा राष्ट्रिय सूचना आयोगको अख्तियारीमा जिल्लाभित्र सूचनाको हकको प्रभावकारी कार्यान्वयनको अनुगमनका लागि जिल्ला हुलाक कार्यालयको भूमिका रहेको सन्दर्भमा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनमा सहयोग तथा अन्य निकायहरुका लागि नमूना मार्गदर्शक समेत होस् भनी यस कार्यालयले आ.व. **२०८२/८३ को चौथो त्रैमासिक** (२०८३ वैशाख ०१ देखि २०८३ असार मसान्तसम्म) अवधिमा सम्पादित त्रैमासिक प्रगति विवरणसहितको स्वतः प्रकाशन प्रकाशन गरेका छौ ।यसै क्रममा, कार्यालयले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ.व. २०८२/८३ सालको वैशाख, जेठ र असार महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेका छौं । यसलाई कार्यालयले तीन महिना सम्पन्न भएको तोकिएको समयभित्र प्रकाशित गरेको छ । यसै बमोजिम बाँके जिल्ला स्थित सबै सार्वजनिक निकायहरुमा स्वयं अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न यस कार्यालय अनुरोध गर्दछ ।

राजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

## हुलाकको इतिहास, स्वरुप र प्रकृतिः

परापुर्वकालदेखि नै एक ठाउँबाट अर्को ठाउँमा खबर आदान-प्रदान गर्न चिठ्ठीपत्रको प्रयोग भएको पाइन्छ। खासगरी राजा महाराजाहरुको दरवारमा समाचार तथा सूचना आदान-प्रदान गर्न परेवा, बाज, घोडा जस्ता पशुपंक्षीहरुको प्रयोग भएको किंवदन्ती पाईन्छ । संस्थागत रूपमा हुलाकको स्थापना सँगै चिठ्ठीपत्र पुर्याउने कार्य प्रणालीगत रूपमा हुलाकबाटै हुँदै आएको देखिन्छ। विश्वमा सन् १६६० मा बेलायतका तत्कालीन राजा चार्लस् द्वितीयले General Post Office स्थापना गरेको इतिहाँस भेटिन्छ । नेपालमा चिठीपत्र मार्फत खबर, सूचना र समाचार आदान-प्रदान गर्ने उद्देश्यले तत्कालीन राणा प्रधानमन्त्री रणोद्विप सिंहको पालामा विक्रम सम्वत् १९३५ मा नेपाल हुलाक घरको स्थापना भई हुलाक सेवाको प्रारम्भ भएको पाइन्छ । सन् १९७४ मा विश्व हुलाक संघको सदस्यता प्राप्त गरेपछि विश्व मञ्चमा नेपालको हुलाक सेवाको उपस्थिति भई नेपालमा अन्तर्राष्ट्रिय हुलाक सेवाको पहुँच सम्भव भएको हो। सञ्चार माध्यमहरुमध्ये यस्तो पुरानो ईतिहास बोकेको हुलाक सेवालाई नेपालमा थप व्यवस्थित, प्रभावकारी र जनमूखी बनाउन विक्रम सम्वत् २०१९ मा हुलाक सेवा ऐन आएपछि हुलाक सेवा विभागले हुलाक सेवाको समूचित व्यवस्थापन गर्दै आएको छ। स्थापनाकालमा चिठीपत्र ओसार-प्रसार गर्ने कार्यमा मात्र केन्द्रित रहेको नेपालको हुलाक सेवाले आजभोली जनताको माग र सूचना प्रविधिको विकासलाई आत्मसात गर्दै पुलिन्दा सेवा, फिलाटेलिक तथा हुलाक टिकट सेवा, द्रुत डाँक सेवा (Express Mail Service - E.M.S.), उपत्यका घुम्ती सेवा, Same Day Delivery Service, ट्र्याकिङ् सेवा लगायतका आधुनिक तथा छिटो छरितो सेवाहरु सञ्चालन गरिरहेको छ । हाल नेपालमा हुलाक सेवा सञ्चालन र व्यवस्थापनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, हुलाक सेवा विभाग, हुलाक सेवा विभाग अन्तर्गत रहने गरी केन्द्रीय कार्यालयहरु - गोश्वारा हुलाक कार्यालय र हुलाक प्रशिक्षण केन्द्रका साथै हुलाक सेवा विभाग अन्तर्गत प्रदेश राजधानीहरुमा ६ वटा हुलाक निर्देशनालयहरू (मोरङ, धनुषा, कास्की, दाङ, सुर्खेत र कैलाली), ७० वटा जिल्ला हुलाक कार्यालयहरु, ६७६ स्थानीय तहमा अवस्थित हुलाक कार्यालयहरु र ३०७४ वटा अतिरिक्त हुलाक कार्यालयहरु (खारेजीका क्रममा रहेका) सञ्चालनमा रहेका छन्। संघीय संरचना बमोजिम जिल्ला हुलाक कार्यालय स्थापना भएपश्चात कार्यालयले चिठीपत्र एवं पार्सलहरु ओसारपसार, टिकट बिक्री वितरण, आन्तरिक ट्र्याकिङ्ग प्रणाली (PITS) सञ्चालन कार्यहरु सम्पादन गर्दै आईरहेकोमा यस सम्बन्धी सेवा तथा कार्यहरुमा विस्तार हुँदै जिल्लामा सञ्चालित इजाजतपत्र प्राप्त एफ.एम. तथा केवल नेटवर्क, पत्रपत्रिकाहरुको नवीकरण गर्ने तथा रोयल्टी संकलन सम्बन्धी कार्य, काउन्टर अटोमेशन सेवा, लगायतका कार्यहरु सम्पादन गर्ने जिम्मेवारी पाएको छ । यसका अतिरिक्त राष्ट्रिय सूचना आयोगबाट प्रत्यायोजित जिम्मेवारी अनुरुप यस हुलाक कार्यालयले आफ्नो जिल्लाभित्रका सबै सार्वजनिक निकाय तथा कार्यालयहरुले नियमानुसार सूचनाको हक सम्बन्धी व्यवस्थाहरुको कार्यान्वयन गरे नगरेको विषयमा अनुगमन गरी प्रतिवेदन गर्ने कार्य र र विज्ञापन बोर्डबाट प्रत्यायोजित जिम्मेवारी अनुसार छापामाध्यम एवं विद्युतीय संचार माध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी सिफारिस, अनुगमन, नियमन तथा सोको भुक्तानी गर्ने कार्य समेत गर्ने गर्दछ।

## १. जिल्ला हुलाक कार्यालयको स्वरुप र प्रकृतिः

जिल्ला हुलाक कार्यालय, बाँके नेपाल सरकार तथा मन्त्रिपरिषदको मिति २०८०/१०/२५ को निर्णयानुसार स्वीकृत भएको हुलाक सेवा विभाग र अन्तर्गतका निकायहरूको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण, २०८० बमोजिम स्वीकृत नयाँ संगठन संरचना तथा दरवन्दीसहित हुलाक सेवा सम्बन्धी कार्यहरु गर्ने उद्देश्यले वि.सं. २०८१ भदौ १७ गते स्थापना भएको सरकारी सेवा प्रदायक निकाय हो। नेपालको वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले मुलुकलाई संघ, प्रदेश र स्थानीय गरी तीन संघीय तहमा विभाजन गरेको सन्दर्भमा हुलाक सेवा तथा कार्यालयहरु संघीय सरकारको दायित्व अन्तर्गत पर्दछन् । नयाँ जिल्ला हुलाक कार्यालय स्थापना भएपश्चात कार्यालयले चिठीपत्र एवं पार्सलहरु ओसारपसार, टिकट बिक्री वितरण, आन्तरिक ट्र्याकिङ्ग प्रणाली (**PITS**) सञ्चालन कार्यहरु सम्पादन गर्दै आईरहेकोमा यस सम्बन्धी सेवा तथा कार्यहरुमा विस्तार हुँदै जिल्लामा सञ्चालित इजाजतपत्र प्राप्त एफ.एम. तथा केवल नेटवर्क, पत्रपत्रिकाहरुको नवीकरण गर्ने तथा रोयल्टी बुझ्ने सम्बन्धी कार्य, काउन्टर अटोमेशन सेवा, लगायतका कार्यहरु सम्पादन गर्ने जिम्मेवारी पाएको छ । यसका अतिरिक्त राष्ट्रिय सूचना आयोगबाट प्रत्यायोजित जिम्मेवारी अनुरुप यस हुलाक कार्यालयले आफ्नो जिल्लाभित्रका सबै सार्वजनिक निकाय तथा कार्यालयहरुले नियमानुसार सूचनाको हक सम्बन्धी व्यवस्थाहरुको कार्यान्वयन गरे नगरेको विषयमा अनुगमन गरी प्रतिवेदन गर्ने कार्य र र विज्ञापन बोर्डबाट प्रत्यायोजित जिम्मेवारी अनुसार छापामाध्यम एवं विद्युतीय संचार माध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशन सम्बन्धी सिफारिस, अनुगमन, नियमन तथा सोको भुक्तानी गर्ने कार्य समेत गर्ने गर्दछ। यस जिल्लामा नेपालगञ्ज उपमहानगरपालिकामा जिल्ला कार्यालय बाहेक ७ वटा स्थानिय तहहरुमा ७ वटा हुलाक कार्यालयहरु, १ हुलाक काउन्टर र ३० वटा अतिरिक्त हुलाक कार्यालयहरु सञ्चालित छन् ।

## २. जिल्ला हुलाक कार्यालय बाँकेको काम,कर्तव्य र अधिकार

- हुलाक वस्तु दर्ता तथा वितरण गर्ने ।
- टिकट प्रासि,भण्डारण र बिक्री वितरण गर्ने तथा बिक्री पश्चातको राजश्व नियमित रुपमा दाखिला गर्ने।
- डाँक सञ्चालन गर्ने तथा कर्मचारीहरुलाई आलोपालोको व्यवस्था मिलाई जुनसुकै समयमा समेत डाँक बुझ्ने बुझाउने व्यवस्था गर्ने।
- अन्तर जिल्ला डाँक सञ्चालन सम्बन्धी समन्वय र प्रबन्ध गर्ने ।
- समयानुसार डाँक रेखा निर्माण तथा अद्यावधिक गर्ने ।
- स्थानीयतहहरुमा रहेका हुलाक कार्यालय व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने तथा अनुगमन निरीक्षण गरी प्रतिवेदन गर्ने ।
- अनुगमनका क्रममा जिल्ला हुलाक कार्यालय र पालिका हुलाक कार्यालयमा देखिएका कमि कमजोरीलाई सुधार गर्न लगाउने सुधारको लागि विभागमा लेखि पठाउने ।
- जिल्ला तथा मातहतका कार्यालयहरुको आर्थिक तथा प्रशासनिक काम गर्ने ।
- हुलाक सेवा विभागमा नियमित प्रतिवेदन गर्नुको साथै सेवा सञ्चालन सम्बन्धमा सुझाव पेस गर्ने ।
- समयसमयमा हुलाक सेवा विभागले लगाएको विभिन्न कार्य गर्ने ।

मदनेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

क्रमश......

- हुलाक कार्यालयबाट प्रदान गरिएका सेवाहरुको प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने।
- हुलाक बस्तुको संकलन, ढुवानी, दर्ता वितरण, आयात र निर्यात गर्ने कार्यलाई छिटो छरितो र प्रभावकारी रुपमा गर्न लगाई नियमानुसार तोकिएको समय भित्र कार्य सम्पन्न गर्न लगाउने ।
- आन्तरिक इ.एम.एस (E.M.S.) सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।
- PITS को नियमित अनुगमन/सुपरीवेक्षण गरी प्रभावकारी रुपमा संचालनमा ल्याउने ।
- वैदेशिक हुलाक वस्तु (E.M.S./Parcel) मा लागेको भन्सार महसुल, मुल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका करहरु संकलन गरी राजश्व खातामा दाखिला गर्ने ।
- कर्मचारीको हाजिरी, विदा, पदपूर्ति तथा रिक्त पदहरुको विवरण अद्यावधिक गर्ने, रा.प. अनं. पदहरुको पदपूर्तिको लागि लोकसेवा आयोगमा लेखि पठाउने ।
- नीतिगत, सैद्धान्तिक एवं असुलउपर गर्ने बेरुजुहरु छलफल गरी फरफारक गर्ने गराउने ।
- लेखाको तोकिएको ढाँचामा वित्तिय विवरणहरु तयार गर्ने गराउने ।
- पत्रपत्रिका हुलाक दर्ताका लागि आए दर्ता एवं नविकरण गर्ने, लोककल्याणकारी विज्ञापन प्राप्त एफ.एम. टेलिभिजन र वर्गीकरणमा परेका पत्रिकाको विवरण संकलन, अनुगमन र नियमानुसारको भुक्तानी गर्ने।
- प्रेस प्रतिनिधि कार्ड अभिलेखिकरण गर्ने ।
- पोष्टवक्स वितरण, नविकरण र नियमानुसार भुक्तानीको लागि प्राप्त रकम वितरण गर्ने ।
- हुलाक ऐन २०१९, हुलाक नियमावली २०२० मा भएको दण्ड सजायसम्बन्धी व्यवस्था अनुसार जरिवाना गर्ने, सचेत गराउने सम्मका सजाय गर्ने ।

राजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
बाँके

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | स्विकृत दरबन्दी सख्या | पदपुर्ति | | | कार्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | रिक्त | |
| १ | हुलाक अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | सा.प्र. | १ | १ | ० | ० | कार्यालय प्रमुखले गर्नु पर्ने दैनिक आर्थिक तथा प्रशासनिक कार्यका साथै प्रचलित कानुन बमोजिम निर्णय गर्ने |
| २ | नायब सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सा.प्र. | १ | १ | ० | ० | विभिन्न फाँटको फाँट प्रमुख भै कार्य गर्ने तथा अन्य तोकिएका कार्य गर्ने |
| ३ | खरिदार | रा.प.अनं. द्वितिय | नेपाल प्रशासन | सा.प्र. | १२ | १२ | ० | ० | डाँक फाँट, काउन्टर फाँट तथा बिभिन्न इ.हु.का.मा कार्य गर्ने |
| ४ | सह लेखापाल | रा.प.अनं. द्वितिय | नेपाल प्रशासन | लेखा | १ | १ | ० | ० | आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने |
| ५ | हल्कारा | श्रेणी विहीन | नेपाल प्रशासन | सा.प्र. | २७ | १ | २५ | १ | चिठीपत्र लगायत हुलाक वस्तहरुको डेलिभरी गर्ने |
| ६ | ह.स.चा. | श्रेणी विहीन | | | १ | ० | १ | ० | कार्यालयको गाडी चलाउने, मर्मतसम्भार तथा रेखदेख सम्बन्धी कार्य गर्ने |
| ७ | का.स. | श्रेणी विहीन | नेपाल प्रशासन | सा.प्र. | २ | ० | २ | ० | कार्यालय सहयोगीको रुपमा सरसफाई लगायतका अन्य कार्य गर्ने |
| | | | | | | | | | |
| कुल जम्मा | | | | | ४५ | १५ | २८ | १ | |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
बाँके

# बाँके जिल्लामा रहेका हुलाकका कोडहरु

| हुलाक कार्यालय | स्थानीय तह न. | वडा नं | पोष्टल कोड |
|---|---|---|---|
| हुलाक कार्यालय राप्तीसोनारी | ०१ | ०२ | ५११०१०२ |
| हुलाक कार्यालय कोहलपुर | ०२ | ११ | ५११०२११ |
| हुलाक कार्यालय बैजनाथ | ०३ | ०६ | ५११०३०६ |
| हुलाक कार्यालय खजुरा | ०४ | ०३ | ५११०४०३ |
| हुलाक कार्यालय जानकी | ०५ | ०४ | ५११०५०४ |
| जिल्ला हुलाक कार्यालय नेपालगन्ज | ०६ | १० | ५११०६१० |
| हुलाक कार्यालय डुडुवा | ०७ | ०५ | ५११०७०५ |
| हुलाक कार्यालय नरैनापुर | ०८ | ०४ | ५११०८०४ |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

## ४. निकायबाट प्रदान गरिने सेवा

- साधारण चिठ्ठिपत्र
- रजिष्ट्री सेवा
- पार्सल-Parcel (पुलिन्दा) सेवाः २ केजी भन्दा बढी २० केजी सम्म तौल भएका हुलाक वस्तुहरु पठाउन सकिने ।
- द्रुत डाँक सेवा (E.M.S.): हुलाक वस्तुहरु समयमै प्रापक समक्ष बुझाउने ।
- हुलाक टिकट सेवा : जिल्ला हुलाक कार्यालय र हुलाक कार्यालयबाट हुलाक विभिन्न मूल्यका टिकटहरु विक्रि वितरण हुने ।
- प्रतिनिधि हुलाक सेवा :

  क) एफएम रेडियो, पत्रपत्रिका तथा केबल नविकरण/रोयल्टी संकलन तथा जरिवाना ।

  ख) लोक कल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी जिल्लास्तरीय अनुगमन तथा सिफारिस र भुक्तानी।

  ग) सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन तथा अनुगमन ।

  घ) प्रेस प्रतिनिधि कार्ड अभिलेखिकरण ।
- नेपालको पूर्व-पश्चिम डाँक संचालन तथा व्यवस्थापन,
- हुलाक वस्तुहरुको दर्ता, वितरण तथा हुलाकसँग सम्बन्धित अन्य सेवाहरु,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठीपत्र साधारण र रजिष्ट्री (अटोमेशन सेवा),
- पोष्टवक्स वितरण, नविकरण एवं संचालन,
- पत्रपत्रिका दर्ता एवं नविकरण,
- हुलाक टिकट बिक्री गर्ने व्यवस्था,
- लोककल्याणकारी विज्ञापन प्रास गर्ने एफ.एम. रेडियो, टेलिभिजन र वर्गीकरणमा परेका पत्रिकाको विवरण संकलन, अनुगमन र नियमानुसार भुक्तानी सम्बन्धी व्यवस्था
- सुदुरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशको डाँक विनिमय केन्द्रको काम गर्ने
- कर्णाली प्रदेशका ४ जिल्लाहरु मुगु, डोल्पा, जुम्ला र हुम्लाको डाँक ढुवानी हवाई माध्यमबाट गरिने
- स्वास्थ्य क्षेत्रको खोप तथा स्याम्पलहरु हुलाक मार्फत ढुवानी गर्ने
- यातायात कार्यालयको लाईसेन्स तथा सवारीसाधन सम्बन्धी कागजपत्रहरु ढुवानी गर्ने
- जिल्ला प्रशासन कार्यालयको पासपोर्ट तथा राष्ट्रिय परिचय पत्र ढुवानी गर्ने

हुलाक अधिकृत

## ५. सेवा प्रदान गर्ने निकाय र शाखागत जिम्मेवारी

| क.सं. | शाखा | अधिकारी | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | गजेन्द्र प्रकाश थारु | हुलाक अधिकृत | कार्यालय प्रमुख | |
| २ | प्रशासन शाखा | शान्ता शाही सिंह | नायब सुब्बा | प्रशासन प्रमुख | |
| ३ | लेखा शाखा | शुभम श्रेष्ठ | स.ले.पा. | लेखा प्रमुख | |
| ४ | जिन्सी शाखा | कमलेश कुमार मौर्य | खरिदार | शाखा प्रमुख | |
| ५ | काउन्टर शाखा (नेपालगंज) | साधुराम चौधरी | खरिदार | शाखा प्रमुख | |
| | | अजय कुमार थारु | खरिदार | हु.का.नरैनापुरबाट काजमा | |
| | | प्रविना थारु | हल्कारा | | |
| | काउन्टर शाखा (राँझा) | सोमादेवी थापा मगर | खरिदार | शाखा प्रमुख | |
| | | विना जि.सी. | हल्कारा | | |
| ६ | डांक शाखा | सोनीकुमारी गोइत | खरिदार | शाखा प्रमुख | |
| | | राम बहादुर चौधरी | खरिदार | | |
| | | खिमलाल बुढाथोकी | हल्कारा | | |
| | | मन बस्नेत | हल्कारा | | |
| | | प्रमिला आचार्य | हल्कारा | | |
| | | महेश कुमार यादव | हल्कारा | | |
| | | सावित्रा कडेल | हल्कारा | | |
| | | रामचन्द्र खटिक | हल्कारा | | |
| | | सतेन्द्रकुमार शर्मा | हल्कारा | | |
| | | दिनेश चन्द्र यादव | हल्कारा | | |
| | | बुधराम धोबी | हल्कारा | | |
| | | चित्र बहादुर रोकाय | हलुका सवारी चालक | | |
| | | अनिता थरुनी | कार्यालय सहयोगी | | |
| | | सर्पराज बुढा | कार्यालय सहयोगी | | |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

नेपाल सरकार
सञ्चार तथा ... मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
बाँके

स्थानीय हुलाक तर्फ

| क.सं. | हुलाक कार्यालय | जिम्मेवार अधिकारी | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | राप्तीसोनारी गाउँपालिका अगैया | जनक पुन मगर | खरिदार | ९८५८०४०७४१ | |
| | | भिम बहादुर वली | हल्कारा | | |
| २ | कोहलपुर नगरपालिका | तिलक बहादुर बुढाथोकी | खरिदार | ९८५८०४०७४२ | |
| | | राममाया बुढा | हल्कारा | | |
| | | खेमा माझी | हल्कारा | | |
| ३ | बैजनाथ गाउँपालिका वनकटवा | निमा बुढामगर | खरिदार | ९८५८०४०७४३ | हु.का.कोहलपुरमा काजमा |
| | | अविराज खनाल | हल्कारा | | |
| | | लक्ष्मी कन्या न्यौपाने | हल्कारा | | |
| ४ | खजुरा गाउँपालिका | नन्द कुमार गडरिया | खरिदार | ९८५८०४०७६२ | |
| | | कविता राना | हल्कारा | | |
| | | अनिता थरुनी | हल्कारा | | |
| | | मनोजकुमार थापामगर | हल्कारा | | |
| ५ | जानकी गाउँपालिका बाबाकुटी | यज्ञराज जि.सी. | खरिदार | ९८५८०४०७६३ | हु.का.बैजनाथमा काजमा |
| | | पुष्पा राना | हल्कारा | | |
| | | श्रीचन्द्र खटिक | हल्कारा | | |
| ६ | डुडुवा गाउँपालिका कम्दी | निर्मला पाण्डे | खरिदार | ९८५८०४०७३५ | |
| | | प्रल्हाद सिंह | हल्कारा | | |
| | | ममता के.सी. | हल्कारा | | |
| | | रामनरेश यादव | हल्कारा | | |
| ७ | नरैनापुर गाउँपालिका | अजय कुमार थारु | खरिदार | ९८५८०४०२३६ | जि.हु.का.मा काजमा |
| | | पंकज कुमार भण्डारी | हल्कारा | | १५ दिन जि.हु.का.मा पालोपहरामा बस्ने गरेको |
| | | राजकुमार मौर्य | हल्कारा | | १५ दिन जि.हु.का.मा पालोपहरामा बस्ने गरेको |
| | | दिनेश मौर्य | हल्कारा | | |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
बाँके

अतिरिक्त हुलाक कार्यालय तर्फ जनशक्ति विवरण

| सि.नं. | अतिरिक्त हुलाक कार्यालयको ठेगाना | पद | कर्मचारीको नाम थर | कैफियत |
|---|---|---|---|---|
| | | पत्र वितरक | पूर्णबहादुर थारु | |
| | | डाक वाहक | श्रीमती लक्ष्मीदेवी थारु | |
| १ | कचनापुर राप्ती सोनारी गा.पा.२ | डाक वाहक | श्रीमती गोमा केसी | |
| | | डाक वाहक | मोतीराम चौधरी | |
| २ | बैजापूर राप्ती सोनारी गा.पा.३ | डाक वाहक | सुश्री लक्ष्मीदेवी थारु | |
| | | हुलाक प्रतिनिधी | प्रतापबहादुर बुढा क्षेत्री | |
| | | पत्र वितरक | राजकुमार थारु | |
| | | डाक वाहक | कृष्णबहादुर चन्द | |
| ३ | टिटिहिरीया बैजनाथ गा.पा.८ | डाक वाहक | सावित्री कडेल | |
| ४ | महादेवपुरी राप्ती सोनारी गा.पा.९ | डाक वाहक | भरत तेली | |
| | | पत्र वितरक | गीता कुमारी खड्का | |
| ५ | विनौना राप्ती सोनारी गा.पा.५ | डाक वाहक | श्रीमती मनकामना खत्री | |
| | | हुलाक प्रतिनिधी | सीयाराम धोवी | |
| | | पत्र वितरक | राकेशकुमार तिवारी | |
| ६ | मटेहिया नरैनापुर गा.पा.५ | डाक वाहक | कूनुर मुराउ | |
| | | हुलाक प्रतिनिधी | सीताराम यादव | |
| ७ | कटकुइया नरैनापुर गा.पा.२ | पत्र वितरक | इरफानअहमद जोलाह | |
| | | हुलाक प्रतिनिधी | रामकूमार शर्मा | |
| | | पत्र वितरक | केवलराम मुराउ | |
| ८ | कालाफाँटा नरैनापुर गा.पा.३ | डाक वाहक | अनिरूद्र सिंह भण्डारी | |
| | | हुलाक प्रतिनिधी | सहज राम पाल गडरिया | |
| ९ | नरैनापुर नरैनापुर गा.पा.४ | डाक वाहक | श्रीमती मायावती मुराउनी | |
| १० | नौवस्ता बैजनाथ गा.पा ३ | हुलाक प्रतिनिधी | रमेशकुमार चौधरी | |
| | | हुलाक प्रतिनिधी | राजकिशोर बढही | |
| ११ | महेन्द्रनगर ने.ग.उ.म.न.पा १४ | डाक वाहक | रामचन्द्र खटीक | |
| | | पत्र वितरक | आशाराम गडरिया | |
| १२ | शम्शेरगंज कोहलपुर न.पा. | डाक वाहक | नारायण गडिरीया | |
| | | हुलाक प्रतिनिधी | जयपाल मौर्य | |
| | | डाक वाहक | कुन्ननसिंह सिख | |
| १३ | हिर्मिनीया डुडवा गा.पा ६ | पत्र वितरक | शिशुपाल मौर्य | |
| १४ | साइगाँउ जानकी गा पा १ | डाक वाहक | पुष्कर कुमार जरवट | |
| | | हुलाक प्रतिनिधी | खुमबहादुर वली क्षेत्री | |
| १५ | रनियापुर खजुरा गा पा ८ | पत्र वितरक | महेश्वर वली | |
| | | हुलाक प्रतिनिधी | विवेक कुमार शुक्ला | |
| | | पत्र वितरक | प्रल्हाद कुमार वर्मा | |
| १६ | इन्द्रपुर जानकी गा पा | डाक वाहक | आशेष सिंह | १० |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

नेपाल सरकार
सञ्चार तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
बाँके

| | | | | |
|---|---|---|---|---|
| १७ | परस्पुर ने.ग.उ.म.न.पा. | हुलाक प्रतिनिधी | दिलिप कुमार यादव | |
| | | हुलाक प्रतिनिधी | रामदर्शन गडरीया | |
| | | पत्र वितरक | श्यामलाल यादब | |
| १८ | गनापुर जानकी गा पा ६ | डाक वाहक | श्रीमती लक्ष्मी रोका | |
| १९ | बनकट्टी डुडवा गा पा ३ | हुलाक प्रतिनिधी | चिर्खु खटीक | |
| २० | बसुदेवपुर ने.ग.उ.म.न.पा | हुलाक प्रतिनिधी | श्रीमती धनमाया जी.सि | |
| | | हुलाक प्रतिनिधी | श्रिमती किरण शर्मा | |
| २१ | खासकारकादौं ने.ग.उ.म.न.पा १८ | डाक वाहक | शिवकुमार नाउ | |
| २२ | सीतापूर खजुरा गा.पा.२ | पत्र वितरक | शिवकुमार पाठक | |
| | | हुलाक प्रतिनिधी | विनोद प्रसाद खटीक | |
| | | पत्र वितरक | विष्णुप्रसाद कुर्मी | |
| २३ | कम्दी डुडवा गा पा | डाक वाहक | संगीता वाल्मिकी | |
| २४ | होलीया डुडवा गा पा ४ | पत्र वितरक | जगतराम वर्मा | |
| २५ | पुरैनी ने.ग.उ.म.न.पा २१ | हूलाक प्रतिनिधी | विजयकुमार खटीक | |
| | | हूलाक प्रतिनिधी | रामनरेश थारु | |
| २६ | रझेना कोहलपुर न.पा ५ | डाक वाहक | रामशरण थारु | |
| | वनकटवा बैजनाथ गा पा ५ | हूलाक प्रतिनिधी | श्रिमती इन्दा आचार्य | |
| | | पत्र वितरक | श्री सरस्वती पौडेल | |
| २७ | | डाक वाहक | श्री सुरीता विसी | |
| २८ | प्रिपहवा ने.ग.उ.म.न.पा १६ | पत्र वितरक | कमरुद्धिन नाउ | |
| | | हूलाक प्रतिनिधी | शन्तोष खटिक | |
| २९ | पुरैना ने.ग.उ.म.न.पा.२१ | पत्र वितरक | शेरअली बागवान | |
| | | पत्र वितरक | तुलबहादुर रोका | |
| ३० | बेलहरी जानकी गा पा ५ | डाक वाहक | टिका खत्री | |

राजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि र निर्णयउपर उजुरी सुन्ने अधिकारी

| क्र.स. | सेवाको विवरण | दस्तुर | अवधि | आवश्यक कागजात | जिम्मेवार शाखा | निर्णय उपर उजुरी सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | साधारण पत्र दर्ता | न्युनतम रु. १० | तुरुन्त | पत्रबन्दी खाम सहित काउन्टरमा दर्ता | काउन्टर शाखाका | हुलाक अधिकृत | न्युनतम शुल्क बाहेक थप तौल अनुसार शुल्क लाग्छ । |
| २. | रजिष्ट्री पत्र दर्ता | न्युनतम रु. ४० | तुरुन्त | पत्रबन्दी खाम सहित काउन्टरमा दर्ता | काउन्टर शाखाका | हुलाक अधिकृत | |
| ३. | आन्तरिक द्रुत सेवा | न्युनतम रु. ७० | तुरुन्त | पत्रबन्दी खाम सहित काउन्टरमा दर्ता | काउन्टर शाखाका | हुलाक अधिकृत | |
| ४. | पुलिन्दा | न्युनतम रु.२३० | तुरुन्त | बाक्लो कोरा कपडा वा थैलामा समान राखेको काउन्टर जाँच गराई सिलबन्दी लाहाछाप सहित | काउन्टर शाखाका | हुलाक अधिकृत | |
| ५. | हुलाक टिकट | दर अनुसार | तुरुन्त | | जिन्सी शाखा | हुलाक अधिकृत | |
| ६. | पत्रपत्रिका र पोष्टबक्स दर्ता तथा नविकरण | नियम अनुसार | १ दिन | रु.१० को हुलाक टिकट टाँसी आवेदनको साथ व्यक्तिगत भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संस्था भए संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी, विदेशी नागरिक भए राहदानी प्रमाणपत्रको प्रतिलिपी | प्रशासन शाखा | हुलाक अधिकृत | |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ७. | रेडियो एफ एम केबल नेटवर्क तथा सञ्चारकर्मी रातो परिचय पत्र नविकरण | नियम अनुसार | | अनलाइन गरेको प्रमाण सहित प्रशासनमा पेश गर्ने | प्रशासन शाखा | हुलाक अधिकृत | |
| ८. | लोक कल्याणकारी विज्ञापनको भुक्तानी | | | विज्ञापनबोर्डमा सुचिकृत एफ.एम. तथा पत्रपत्रिकाहरु सहितको विल भरपाई | प्रशासन शाखा | हुलाक अधिकृत | |
| ९. | अनलाइन संचार माध्यम नविकरण | नियम अनुसार | तुरुन्त | अनलाईन गरेको प्रमाण | प्रशासन शाखा | हुलाक अधिकृत | |
| १०. | प्रेस प्रतिनिधि कार्ड अभिलेखिकरण | | तुरुन्त | अनलाईन गरेको प्रमाण | प्रशासन शाखा | हुलाक अधिकृत | |
| ११. | सोधपुछ | निशुल्क | तुरुन्त | | सुचना अधिकारी | हुलाक अधिकृत | |

### ७) निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रचलित ऐन, नियम, लिखित निर्देशन एवं परिपत्रका आधारमा टिप्पणी उठाएर सहभागितामूलक तवरले कार्यालयको स्टाफ बैठकको निर्णयबाट सम्बन्धित फाँट प्रमुखको पहल अनुसार प्रक्रिया आरम्भ भई कार्यालय प्रमुखबाट प्रचलित कानून बमोजिम निर्णय हुने ।

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
बाँके

८. सम्पादन गरेको कामको विवरण

डाँकसम्बन्धी विवरण

| आयात तर्फ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | हुलाक वस्तुको प्रकार | जि.हु.का./ पालिका/अ.हु.का. मा भएको दर्ता (स्वदेशी) | जि.हु.का./ पालिका/अ.हु.का. मा भएको दर्ता (विदेशी) | आफ्नो जिल्ला भित्र वितरणको लागि अन्य जिल्लाबाट प्राप्त भएको | आफ्नो जिल्ला भित्र वितरणको लागि विदेशबाट प्राप्त भएको | अन्य जिल्लाभित्र वितरणको लागि अन्य जिल्लाबाट प्राप्त भएको (विनिमय गरिएको) | कै. |
| १ | साधारण चिठी | ० | ० | २६६ | १७५ | १७५ | |
| २ | रजिष्ट्री चिठी | ७७३७ | ३१० | २९७७ | ५३ | ३२११ | |
| ३ | समाचार पत्रपत्रिका | ५२० | ० | ७९ | ० | ४० | |
| ४ | बुक पोष्ट | ० | ० | ९६ | १७ | २ | |
| ५ | बुक पोष्ट रजिष्ट्री | ० | ० | ८ | ० | ० | |
| ६ | पुलिन्दा/ पार्सल | १८ | ० | ६५ | ४१ | २२ | |
| ७ | EMS Air | १८२ | ० | २७१ | २७ | ० | |
| ८ | सानो पाकेट | ० | ० | ११ | ८ | १६ | |
| ९ | पासपोर्ट | २३ | ० | ३ | ० | ० | |
| १० | लाइसेन्स | ० | ० | ५ | ० | ० | |
| ११ | EMS Land | ० | ० | ० | २७ | १ | |
| जम्मा | | ८४८० | ३१० | ३७८१ | ३४८ | ३४६७ | |
| आयत तर्फको कुल जम्मा | | | | | | १६३८६ | |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

## निर्यात तर्फ

| क.स. | हुलाक वस्तुको प्रकार | आफ्नो जिल्लामा दर्ता भइ अन्य जिल्ला हुलाकको लागि चलान भएको | आफ्नो जिल्लामा दर्ता भइ विदेशको लागि चलान भएको | आफ्नै जिल्लामा दर्ता भइ जिल्ला भित्र नै विवरण भएको | अन्य जिल्लाबाट प्राप्त भइ वितरण भएको | विदेशबाट प्राप्त भइ वितरण भएको | अन्य जिल्लाबाट प्राप्त भइ बाहिरी जिल्ला गएको | जि.हु.का./ पालिका हुलाकको फिर्ता |
|---|---|---|---|---|---|---|---|---|
| १ | साधारण चिठी | ० | ० | ० | २६६ | १७५ | १७५ | ० |
| २ | रजिष्ट्री चिठी | ३०४९ | ३१० | २७३० | २४७२ | ४४ | ३२११ | २४७२ |
| ३ | समाचार पत्रपत्रिका | २३९ | ० | २८१ | २१ | ० | ४० | ५८ |
| ४ | बुक पोष्ट | ० | ० | ० | ६६ | १७ | २ | ३० |
| ५ | बुक पोष्ट रजिष्ट्री | ० | ० | ० | ८ | ० | ० | ० |
| ६ | पुलिन्दा/ पार्सल | १८ | ० | ० | ६५ | ४१ | २२ | ० |
| ७ | EMS Air | १८२ | ० | ० | २७१ | २६ | ० | १ |
| ८ | सानो पाकेट | ० | ० | ० | ११ | ८ | १६ | ० |
| ९ | पासपोर्ट | ० | ० | २३ | ३ | ० | ० | ० |
| ११ | लाइसेन्स | ० | ० | ० | ५ | ० | ० | ० |
| ११ | EMS LAND | 0 | 0 | 0 | 0 | २७ | १ | ० |
| | **जम्मा** | ३४८८ | ३१० | ३०३४ | ३१८८ | ३३८ | ३४६७ | २५६१ |
| | निर्यात तर्फको कुल जम्मा | | | | | | | १६३८६ |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
बाँके

## सम्पादन गरेको मुलभुत कामको विवरण

- आ.व.२०८२/०८३ को प्रगति सम्बन्धमा स्थानीय हुलाक तथा अतिरिक्त हुलाक कार्यालयहरुसँग समीक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- आ.व.२०८२/०८३ को प्रगति सम्बन्धमा इलाका तथा पालिका हुलाक कार्यालयहरुको पटक पटक अनुगमन तथा आवश्यक निर्देशन ।
- आ.व.२०८२/०८३ को प्रगति सम्बन्धमा मिति २०८२/०५/२४ गते Gen-Z विरोध प्रदर्शनका क्रममा क्षति भएको कार्यालयको मुख्य कार्यालय भवन निर्माण कार्यको थालनी ।
- आ.व.२०८२/०८३ को प्रगति सम्बन्धमा कार्यालयबाट हुने नियमित डाँक व्यवस्थापन लगायत दैनिक तथा प्रशासनिक कार्य हुने गरेको ।
- आ.व.२०८२/०८३ को प्रगति सम्बन्धमा कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तथा पुनर्ताजगी कार्यक्रम सम्पन्न ।
- आ.व.२०८२/०८३ को प्रगति सम्बन्धमा हुलाक सेवा विभाग र नेपाल खुला विश्व विद्यालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, नेपाल टेलिकम, स्वास्थ्य बीमा बोर्ड बीच सहमति भै हुलाक सेवा विभागको निर्देशन बमोजिम उक्त कार्यालयहरुका विभिन्न किसिमका महत्वपुर्ण कागजपत्रहरु गन्तव्यमा डेलिभरी गर्ने कार्यको थालनी गरिएको।
- आ.व.२०८२/०८३ को प्रगति सम्बन्धमा नयाँ डाँक रेखा निर्माण गरी सो बमोजिम डाँक चलानी कार्य शुरु गरिएको ।

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

# डाँक विनिमय तथा सञ्चार सम्बन्धी विवरण

## ५.डाँक विनिमय सम्बन्धी (काठमाडौंबाट आयत)

| क्र.स. | विवरण | तीन महिनामा | | | जम्मा आयात |
|---|---|---|---|---|---|
| | | र.ज आयात | र.पु आयात | EMS आयात | |
| १ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र जुम्ला बिच भएको विनिमय डाँक थैला संख्या | ६५ | ११ | ० | ७६ |
| २ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र हुम्ला बिच भएको विनिमय डाँक थैला संख्या | ६५ | ६ | ० | ७१ |
| ३ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र मुगु बिच भएको विनिमय डाँक थैला संख्या | ६५ | ६ | ० | ७१ |
| ४ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र डोल्पा बिच भएको विनिमय डाँक थैला संख्या | ६५ | ६ | ० | ७१ |
| ५ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र सुर्खेत बिच भएको विनिमय डाँक थैला संख्या | ५६ | ३३ | ८ | ९७ |
| ६ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र **कालिकोट** बिच भएको विनिमय डाँक थैला संख्या | ५६ | ८ | ० | ६४ |
| ७ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र दैलेख बिच भएको विनिमय डाँक थैला संख्या | ५६ | ७ | ० | ६३ |
| ८ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र **जाजरकोट** बिच भएको विनिमय डाँक थैला संख्या | ५६ | ८ | ० | ६४ |
| ९ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र बर्दिया बिच भएको विनिमय EMS डाँक थैला संख्या | ० | ० | ३३ | ३३ |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय हुलाक सेवा विभाग जिल्ला हुलाक कार्यालय बाँके

## काठमाडौं निर्यात

| क्र.स. | विवरण | तीन महिनामा | | | जम्मा निर्यात |
|---|---|---|---|---|---|
| | | र.ज निर्यात | र.पु निर्यात | EMS निर्यात | |
| १ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र जुम्ला बिच भएको विनिमय डाँक थैला संख्या | १५ | ० | ० | १५ |
| २ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र हुम्ला बिच भएको विनिमय डाँक थैला संख्या | ४ | ० | ० | ४ |
| ३ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र मुगु बिच भएको विनिमय डाँक थैला संख्या | १२ | ० | ० | १२ |
| ४ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र डोल्पा बिच भएको विनिमय डाँक थैला संख्या | २३ | ० | ० | २३ |
| ५ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र सुर्खेत बिच भएको विनिमय डाँक थैला संख्या | ५० | ४ | ० | ५४ |
| ६ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र **कालिकोट** बिच भएको विनिमय डाँक थैला संख्या | ० | ० | ० | ० |
| ७ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र **दैलेख** बिच भएको विनिमय डाँक थैला संख्या | ० | ० | ० | ० |
| ८ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र **जाजरकोट** बिच भएको विनिमय डाँक थैला संख्या | ० | ० | ० | ० |
| ९ | गोश्वारा हुलाक कार्यालय काठमाडौं र बर्दिया बिच भएको विनिमय **EMS** डाँक थैला संख्या | ० | ० | १० | १० |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

संचार तर्फ

| क्र.स. | विवरण | वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|
| १ | बाँके जिल्ला स्थित एफ.एम रेडियोहरुको यो आ.व.मा लाइसेन्स नविकरण संख्या | ० | ० | ० | ० |
| २ | पत्रपत्रिका दर्ता संख्या | ० | ० | ० | ० |
| ३ | पत्रपत्रिका नविकरण संख्या | ० | ० | ६ | ६ |
| ४ | पत्रकार प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण संख्या | १ | ३ | ५ | ९ |
| ५ | अनलाइन प्रमाणपत्र नविकरण संख्या | ० | १ | ० | १ |
| ६ | पोष्टबक्स दर्ता संख्या | ० | ० | ० | ० |
| ७ | पोष्टबक्स नविकरण संख्या | ० | ० | १ | १ |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

९. सुचना अधिकारी र प्रमुखको नाम र पद


सुचना अधिकारीको

नामः- शान्ता शाही सिंह

पदः- नायब सुब्बा

सम्पर्क नम्बरः-९८५८०४०२५७, ०८१-५३०२५३

ईमेलः- dpobanke123@gmail.com

कार्यालय प्रमुखको

नामः- गजेन्द्र प्रकाश थारु

पदः- हुलाक अधिकृत

सम्पर्क नम्बरः- ९८५८०४०२५३

ईमेलः- gptpostofficebanke@gmail.com


नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय हुलाक सेवा विभाग जिल्ला हुलाक कार्यालय बाँके

१०. ऐन, नियम,विनिमय वा निर्देशिकाको सुची

- हुलाक ऐन, २०१९, तथा हुलाक नियमावली, २०२०
- हुलाक बचत बैंक नियमावली, २०३३
- अतिरिक्त हुलाक नियमावली, २०३४ (पाँचौ संशोधन सहित)
- हुलाक सेवा कार्यविधी निर्देशिका, २०६३
- हुलाक बचत बैंक कार्यसंचालन निर्देशिका, २०७३
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० (संशोधन सहित)
- सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका २०७६
- हुलाक सेवा विभागको परिपत्र, निर्देशन तथा आवश्यकतानुसार सम्बद्ध अन्य ऐन, नियम, निर्देशिकाहरु

११. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

राजश्वको चौथो त्रैमासिक विवरण

| क.सं. | राजश्व शिर्षक | तीन महिनाको राजश्व | | | कै. |
|---|---|---|---|---|---|
| | | राजश्व विवरण | वैशाख, जेठ र असार | यस आ.व.को जम्मा | |
| १. | १४२२२ (हुलाक सेवा शुल्क) | हुलाक टिकट विक्री | १४,५४,७८६।- | ५५,९९,३५०।- | |
| | | काउन्टर अटोमेशन | | | |
| | | पार्सल हुलाक महसुल | | | |
| २. | १४५२९ | अन्य राजश्व | ० | ७७,६७४ ।- | |
| ३. | १४३१३ | धरौटी सदरस्याहा | १,१३,३०६.२१।- | १,१३,३०६.२१।- | |
| जम्मा | | | १५,६८,०९२.२१।- | ५७,९०,३३०.२१।- | |
| ४. | ११५११ | भन्सार महसुल | १,२९,९९४।- | ३,१०,२५२।- | |
| जम्मा | | | १६,९८,०८६.२१ | ६१,००,५८२.२१।- | |

गजेन्द्र प्रकाश थारु
हुलाक अधिकृत

## ०८२/०८३ को चौथो त्रैमासिक सम्मको विनियोजन र खर्चको विवरण

| खर्च शिर्षक | विनियोजन | यस त्रैमासिकको खर्च | हालसम्मको खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| चालु | ३,९३,७१,६६३.००। | ९९,२८,०४५.५०।- | ३,५३,८८,६५२.३६।- | ८९.८८% |
| विज्ञापन बोर्ड | ६४,९०,९२०.००।- | २८,२१,१५०.००।- | ६१,८०,७२४.५०।- | ९५.२२% |
| औषधी उपचार | १२,५७,५०९.००।- | १२,५७,५०९.००।- | १२,५७,५०९.००।- | १००% |
| संचित विदा | ७,८३,२५८.००।- | ७,८३,२५८.००।- | ७,८३,२५८.००।- | १००% |
| पुँजीगत | २१,२८,०००.००।- | ५,१०,७९२.००।- | २१,२५,१२४.००।- | ९९.८६% |
| कूल जम्मा | ५,००,३१,३५०.००। | १,५३,००,७५४.५०।- | ४,५७,३५,२६७.८६।- | ९१.४१% |

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय हुलाक सेवा विभाग जिल्ला हुलाक कार्यालय बाँके

बेरुजुको अवस्था

यस त्रैमासिकमा बेरुजु नभएको ।

१२. तोकिए बमोजिमका अन्य विवरणः-

१३. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः-

१४. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः-

वेबसाइट :- Banke.npalpost.gov.np

इमेल :- banke@nepalpost.gov.np र dpobanke123@gmail.com

फोन नं. :- ०८१ ५३०२५३

फेसबुक पेज :- जिल्ला हुलाक कार्यालय बाँके

१५. सार्वजिनक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः- छैन

१६.सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधिः- छैन

१७. सार्वजनिक निकायममा परेका सुचना माग सम्बन्धि निवेदन र सो उपर सुचना दिइएको विषयः- छ

१८. सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएका वा भएको भए सोको विवरणः-

कार्यालयको सूचनापाटी तथा जिल्ला हुलाक कार्यालय बाँकेको Website मार्फत प्रकाशन हुने गरेको ।

शान्ता शाही सिंह
(सुचना अधिकारी)

गजेन्द्र प्रकाश थारु
(हुलाक अधिकृत)